मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १३२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत १८ गते बुधवार (Wednesday, March 31. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरणः ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग




# सरकारको निर्देशन स्थानीय तहद्वारा अवज्ञा

**झापा, चैत १७।** संघीय सरकारको निर्देशन झापाका केही स्थानीय तहले अवज्ञा गरेका छन् ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले वातावरणीय प्रदूषणका कारण बिद्यालय बन्द गर्ने निर्णय गरेता पनि झापाका अधिकांश पालिकाले संघीय सरकारको निर्देशनको अवज्ञा गरेका हुन् । वातावरण प्रदूषणका कारण बालबालिकामा पर्न सक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै सरकारले मंगलवारदेखि चैत २० गतेसम्म देशभरका शिक्षण संस्थाहरु बन्द गर्ने निर्णय गरेको थियो । तर, बिर्तामोड, मेचीनगर नगरपालिका र बाह्रदशी गाउँपालिकासहितका स्थानीय तहले संघको निर्देशनको अवज्ञा गर्दै विद्यालय सञ्चालन गरेका छन् ।

मेचीनगर नगरपालिकाले संघको निर्देशनको अवज्ञा गरेको भन्दै मेचीनगर-७का ज्ञानेन्द्र निरौलाले जिल्ला प्रशासन कार्यालय झापामा लिखित उजुरी नै दिएका छन् । उजुरीको बोधार्थ शिक्षा विकास तथा समन्वय इकाइ कार्यालय झापालाई दिइएको छ । उजुरीसँगै सरकारको निर्णय तत्काल कार्यान्वयन गर्न सम्बन्धित पालिकालाई पत्राचार गरेको बताइएको छ ।

संघीय सरकारको निर्देशनको अवज्ञा गर्दै बाह्रदशी गाउँपालिकाले पनि विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ । सार्वजनिक सूचना जारी गर्दै गाउँपालिकाले हालसम्म बाह्रदशी गाउँपालिका क्षेत्रभित्र प्रतिकूल वातावरणीय अवस्था नदेखिएकाले विद्यालय सुचारु गर्ने निर्णय गरेको छ । शिक्षा शाखा प्रमुख ज्ञानबहादुर पौडेलद्वारा हस्ताक्षरित सूचनामा भनिएको छ- कोभिड-१९ कारण शैक्षिक क्षति व्यहोरिरहेको अवस्थामा भर्खरै मात्र विद्यालयको पठनपाठन सुचारु भइरहेको हुँदा यस गाउँपालिकाभित्रका सम्पूर्ण शिक्षण संस्था चैत १८ गतेदेखि पूर्ववत् सुचारु हुने जानकारी गराइन्छ ।

उता अर्जुनधारा नगरपालिकाले विद्यालय बन्द गर्न निर्देशन दिए पनि नगरका निजी विद्यालयले निर्णय मानेका छैनन् । 'बालबालिकाको स्वास्थ्यलाई ध्यान दिएर शिक्षा मन्त्रालयले बिद्यालय बन्द गर्न भने पनि झापाका केही बिद्यालयहरु सञ्चालनमा आएको सुन्नमा आएकाले तत्काल निर्णय कार्यान्वयन गरी बिद्यालय बन्द गर्न पालिकाहरुलाई पत्राचार गरेका छौं- शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख राजकुमार विकले बताए । उनले भने- सरकारको निर्णय मान्दिनँ भन्न पाइँदैन, सरकारले विज्ञहरुसँगको छलफलबाटै यो निर्णय गरेको हो, त्यसैले कार्यान्वयन गर्नै पर्छ ।'

स्थानीय तह 'आफैं सरकार हुँ' भन्नेमा छ, त्यही भएर स्थानीय तहले संघीय सरकारको निर्णय मानेका छैनन् तर भोलि हुन सक्ने सम्भावित दुर्घटनाबाट बच्न उनीहरुले के उपाय अपनाएका होलान् सोच्न जरुरी छ ।

## अझै तीन दिन मौसम स्थिर रहने, तुवाँलो कायमै

**झापा, चैत १७।** आगामी तीन दिनसम्म मौसम स्थिर अवस्थामा रहिरहने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार हाल नेपालको धेरैजसो स्थानको वायुमण्डल अझै स्थिर अवस्थामै रहेको छ । यही कारण प्रदूषणका कण छरिन नपाई वायुमण्डलको तल्लो तहमै तैरिन गएको जनाइएको छ । देशको अधिकांश जिल्लाका धेरै ठाउँमा लागिरहेको डढेलोबाट सिर्जित धुवाँका कण वायुमण्डलमै सञ्चित हुन गई असामान्य प्रकारको तुवाँलोको अवस्था आएको विभागले जनाएको छ ।

खासगरी राजधानी काठमाडौँलगायतका शहरहरु जहाँ पहिलेदेखि नै प्रदूषणको स्तर सामान्यभन्दा अधिक भएको छ । त्यस्ता ठाँउमा तुवाँलो अत्यधिक भएकाले वायुमण्डलको पारदर्शिता उल्लेखनीय रुपले न्यून हुन गई जनजीवन असामान्य हुन गएको बताइएको छ ।



आगामी तीन दिन मौसम सुधार हुने अवस्था नदेखिएको मौसमविद् गंगा नगरकोटीले जानकारी दिए । उनका अनुसार मंगलवारबाट पारदर्शिता केही बढ्ने सम्भावना रहेको छ । सोमबार देशको केही स्थानमा फाट्टफुट्ट वर्षाका साथै हल्का हावा चलेको कारण पारदर्शिता बढेको बताइएको छ । मौसम पूर्णरुपमा सुधार हुने अवस्था भने तत्काल देखिएको छैन्- मौसमविद् नगरकोटीले भने ।

(बाँकी अन्तिम पृष्ठमा)

## बजार व्यवस्थापन समिति गठनमा ढिलाइप्रति आपत्ति

**बिर्तामोड, चैत १७।** पद, सत्ता र शक्तिको दुरुपयोग गरेर कनकाई नगरपालिका-७ का अध्यक्ष लीलाबहादुर कन्दङ्वाले दुर्गापुर बजार व्यवस्थापन समिति गठनमा ढिलाइ गरेको भन्दै नेपाली कांग्रेससहितका ५ दल र बजार ब्यवस्थापन समितिकै पदाधिकारीले आपत्ति जनाएका छन् ।

दुर्गापुर व्यापार समितिका अध्यक्ष भुवानी शिवाकोटी, नेपाली कांग्रेस कनकाई-७का वडा सभापति ईश्वरीप्रसाद शिवाकोटी, माओवादी केन्द्रका सहइञ्चार्ज तथा दुर्गापुर बजार व्यवस्थापन समितिका सचिव राजु अधिकारी, नेकपा एमालेका पार्टी प्रतिनिधि शिवराज बस्नेत, संघीय लिम्बुबान मञ्च नेपालका अध्यक्ष तथा दुर्गापुर बजार व्यवस्थापन समितिका सदस्य बसन्त मेयाङ्बो र राप्रपाका प्रतिनिधि चन्द्र घिमिरेले प्रेस विज्ञप्ति प्रकाशन गर्दै वडाध्यक्षले स्वतन्त्रतापूर्वक बजार व्यवस्थापन समिति गठन गर्न नदिएको आरोप लगाएका हुन् ।

दुर्गापुर बजार व्यवस्थापन समितिको पदावधि सकिए पनि नयाँ नबनाएको र सरोकारवालाहरुले नयाँ समिति गठन गर्न माग गर्दा आलटाल गरेको आरोप वडाध्यक्षमाथि लगाएका छन् ।

बजार व्यवस्थापन समितिको अधिवेशनलाई वडाध्यक्षले विभिन्न वहानामा पछि सार्दै आएको विज्ञप्तिमा आरोप लगाइएको छ ।

बजारबासीलाई सूचना नदिई वडाध्यक्षकै पहलमा एकलौटी रुपमा समिति गठन गर्न खोजिएपछि नगरप्रमुख राजेन्द्रकुमार पोखरेलसमक्ष डेलिगेशन गएको र पोखरेलकै निर्देशनमा तत्कालका लागि समिति गठन रोकिएको विज्ञप्तिमार्फत जनाइएको छ ।

वडाध्यक्षले आफू अनुकूलको समिति गठन गर्न चाहिरहेको आरोप लगाउँदै विज्ञप्तिमा बजारवासीको सहभागितामा स्वतन्त्रतापूर्वक नयाँ समिति गठन गर्न माग गरिएको छ ।

नियम अनुसार नयाँ बजार व्यवस्थापन समिति गठनका लागि आफूहरु नगरपालिका वडा कार्यालयमा समेत डेलिगेशन जाने बजार व्यवस्थापन समितिका सचिव समेत रहेका राजु अधिकारीले बताए । 'म आफैं समितिको सचिव हुँ, विधान अनुसार नयाँ समिति बनाऔं भनिरहेको छु, वडाध्यक्ष मान्न तयार हुनुहुन्न'- सचिव अधिकारीले भने- 'उहाँका लागि सबै वाडवासी एकै हुनुपर्ने हो तर भएन ।'

यता यसवारेमा कनकाई-७का वडाअध्यक्ष कन्दङ्वा समक्ष जिज्ञासा राख्दा कोरोना कहरका कारण बजार व्यवस्थापन समितिको कार्यकाल थप्नुपरेको बताएका छन् । 'हामी दशैंमा बजारको स्वर्ण महोत्सव मनाउँदैछौं- त्यो स्वर्ण महोत्सव यही समितिलाई मनाउन दिनुहोस् भनेको साथीहरु कुरै बुझ्नुहुन्न'- वडाध्यक्ष कन्दङ्बाले भने ।

## कर्मचारी नहुँदा सुरक्षित गर्भपतन सेवाबाट बञ्चित

**राधा खनाल**

**झापा, चैत १७।** झापा कचनकवल-६की सरिता (नाम परिवर्तन) का तीन जना सन्तान जन्मिएका छन् । तीन सन्तान जन्मिएपछि उनको पेटमा अर्को गर्भ बस्यो ।

अब तीनभन्दा बढी नजन्माउनु पऱ्यो भन्ने लागेर उनले नजिकैको प्राथमिक स्वास्थ्य केन्द्रमा गएर सुरक्षित गर्भपतन गराउन खोजिन् । तर, बिगत ८ महिनायता उक्त क्षेत्रमा तालिमप्राप्त स्वास्थ्यकर्मी नभएका कारण उनी सन्तान जन्माउने निर्णयमा पुगिन् ।

सरिता मुस्लिम समुदायकी महिला हुन् । उनलाई परिवारले गर्भपतन गराउने अधिकार नदिए पनि पेटमा गर्भ बस्ने बत्तिकै उनी श्रीमान्सँग सल्लाह गरेर करिब ८ हप्तामा प्राथमिक स्वास्थ्य केन्द्रमा पुगेकी थिइन् । उक्त स्वास्थ्य केन्द्रमा तालिमप्राप्त स्वास्थ्यकर्मीको जागिर अवधि सकिएर गएपछि अर्को कर्मचारी नआएका कारण उक्त सेवा बन्द गरिएको जानकारी पाएको बताइन् ।

उनले भनिन्- 'मेची अस्पताल थियो । तर, मेचीसम्म पुग्नलाई उनको घरदेखि करिब २० किलोमिटरको दूरी छ । साना नानी छन् । उनीहरुलाई छाडेर हिँड्न नमिलेका कारण अन्ततः उनी अर्को सन्तान पनि जन्माउने निर्णयमा पुगिन् । काखमा डेढ बर्षको छोरा छ । पेटमा हुर्कँदै गरेको अर्को गर्भ पनि ४ महिनाको भइसकेको छ । सरिता भन्छिन्- 'अहिले पनि ढाड दुख्ने समस्या छ ।



झापाको सुदुर दक्षिण भेग कचनकवलको कचनकवल प्राथमिक स्वास्थ्य केन्द्रमा २०७६/०७७ साल साउन र भदौदेखि उक्त क्षेत्रमा सुरक्षित गर्भपतन सेवा कार्यक्रम बन्द भएको हो । उक्त सेवा बन्द भए पश्चात् पूर्वी नेपालको तराईका जिल्लामध्येको सबैभन्दा पूर्वको जिल्ला झापाका स्थानीय महिलाहरु सुरक्षित गर्भपतन सेवा लिनबाट प्रत्यक्ष रुपमा बञ्चित भएका छन् ।

त्यसो त २०७५/०७६ सालमा कचनकवल प्राथमिक स्वास्थ्य केन्द्रबाट १ सय ७ जनाले सुरक्षित गर्भपतन सेवा पाएका थिए । उक्त सेवा पाउने उमेर समूह २०देखि ३० बर्षसम्मको संख्या करिब ९० प्रतिशत रहेको प्राथमिक स्वास्थ्य केन्द्रकै कर्मचारी भावना सुब्बाले जानकारी दिइन् । सुब्बाका अनुसार उक्त क्षेत्रमा भारतबाट पनि सुरक्षित गर्भपतन सेवा लिन आउनेको लर्को लाग्ने गरेको छ । भावना भन्छिन्- 'हामी नेपाल-भारत सीमामा छौं । दुइ देशको सीमा मेची नदीले छुट्याएको छ । आफन्तकोमा आउने बहानामा नेपालमा सुरक्षित गर्भपतन सेवा गराउँदा सहज र सुरक्षित हुने भन्दै साना-साना ३/४ जना नानीसँगै लिएर आउँछन् । त्यसरी आउनेहरुलाई पनि सेवा दिने गरेका छौं ।'

गत बुधबार पनि भारतको ठाकुरगञ्जबाट तीन जना नानी लिएर पेटमा रहेको गर्भपतन गराउन प्राथमिक स्वास्थ्य केन्द्रमा आइपुगेकी थिइन् । उक्त स्वास्थ्य केन्द्रमा गर्भपतन गराउने सेवा नभएपछि उनले श्रीमानसहित मेरी स्टोप्स् सेन्टर बिर्तामोडमा गएर गर्भपतन गराइन् । भावनाले भनिन्- 'सबैको आर्थिक पहुँच बिर्तामोडसम्म पुग्ने पनि नहुन सक्छ । त्यसैले माथिल्लो निकाय जिल्ला स्वास्थ्य कार्यालयले सुरक्षित गर्भपतनसँग सम्बन्धत् तालिम लिएका कर्मचारी छिटोभन्दा छिटो पठाउँदा सहज हुने थियो ।'

त्यसो त परिवार नियोजन संघ झापाको

(बाँकी अन्तिम पृष्ठमा)

## टिपर दुर्घटनामा युवकको मृत्यु

**ताप्लेजुङ, चैत १७।** ताप्लेजुङको सिरिजंघा गाउँपालिका-३ सिकैंचामा भएको टिपर दुर्घटनामा परी लमजुङका एक युवकको मृत्यु गएको छ । प्रदेश ३-०१-०५ख ९२७१ नंको टिपर दुर्घटना हुँदा लमजुङको दोर्दी गाउँपालिका-६का अन्दाजी १९ वर्षीय कृष्ण विकको मृत्यु भएको हो ।

दुर्घटनामा परी चालक यामबहादुर विक र मन्दीप लिम्बू घाइते भएको युनिटेक हाइड्रोपावरका जनसम्पर्क अधिकृत मोहन निरौलाले जानकारी दिए । उनीहरुको झापामा उपचार भइरहेको छ ।

फावाखोलामा निर्माणाधीन युनिटेक हाइड्रोपावर निर्माणस्थलमा काबेली खोलाबाट बालुवा लिएर जाने क्रममा टिपर दुर्घटना भएको थियो । मृतक विक हाइड्रोपावर निर्माणको ठेक्का लिएको निर्माण कम्पनी, माछापुछ्रे इन्जिनियरिङ प्रालिका कामदार रहेको निरौलाले जानकारी दिए ।

मृतकको शव जिल्ला अस्पताल ताप्लेजुङमा शव परीक्षण गरी परिवारलाई जिम्मा लगाउने तयारी भएको जनाइएको छ । टिपर सडकबाट झण्डै ५० मिटर तल झरेको थियो । दुर्घटनाको कारण खुलेको छैन ।

## बम विस्फोट गराएको आरोपमा दुई पक्राउ

**काठमाडौं, चैत १७।** केही दिनअघि सिरहाको लहानस्थित मालपोत कार्यालयमा बम विस्फोट गराएको आरोपमा सिरहा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको सुखिपुर नगरपालिका-५ निवासी २५ वर्षीय रामरिझन यादव र लक्ष्मीपुर निवासी २६ वर्षीय अभिमन्यू गिरी रहेको प्रहरीले जनाएको छ ।

गत चैत १ गते मालपोत कार्यालयको पहिलो तल्लामा भएको बम विस्फोटमा एक कर्मचारीसहित आठ जना

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**




# चौधरीका पाखुरामा दुर्गाको ट्याटु

**झापा, चैत १७।** हरेक उमेरका मानिसमा एउटा न एउटा छुट्टै प्रकारको रुची हुन्छ । त्यसमध्ये अचेलका युवापंक्तिमा भने शरीरका अलग-अलग अंगमा ट्याटु खोपाउने रुची भएको देख्न सकिन्छ ।

कतिपयले त शरीरका हरेकजसो भागमा ट्याटु खोपाइसकेका हुन्छन् भने कतिपयले देखिने अंगमा ट्याटु राख्ने गरेका छन् । ट्याटुको लोकप्रियता अहिले दिन प्रतिदिन बढ्दै गएको छ । त्यसो त नेपालमा ट्याटु खोप्ने चलन जति बढेको छ, त्यति नै यससम्बन्धी कलाकारको माग पनि बढेको छ ।

खासगरी सञ्चारमाध्यममा छाउने कलाकारको ट्याटु मोह अधिक नै हुने गरेको पाइन्छ । वारम्वार सञ्चार माध्यममा आइरहने सेलिब्रेटीले गोप्य अंगमा ट्याटु खोपेका तस्वीरहरू भाइरल नै हुने गरेका छन् । तर, कतिपय नेपाली अभिनेत्रीका ट्याटु खोपेका तस्बीर बेला-बेलामा सार्बजनिक हुँदा आलोचना पनि सहनु परेको छ ।

तर, ट्याटु सेलिव्रेटीले मात्र होइन सामान्य नागरिकले पनि खोपाउने गरेका पछिल्ला थुप्रै उदाहरण पनि छन् । पछिल्लो समय बिर्तमोडस्थित



वीएण्डसी अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईको तस्वीर शरीरमा खोपिएको ट्याटु भाइरल बनेको छ । पछिल्लो समय चर्चामा रहेका प्रसाईको तस्वीर झापा बिर्तामोडका बिजय

चौधरीले आफ्नो पाखुरामा खोपेका हुन् । चौधरीले ट्याटु नै हानेर प्रसाईको प्रशंसा गरेका छन् ।

युवाहरुकाबीच लोकप्रिय बनेका प्रसाईको सम्मानका लागि ट्याटु बनाएको प्रतिक्रिया दिएका छन् । उनले प्रसाईले स्वास्थ्य क्षेत्रमा गरेको योगदानसँगै उनको हिम्मत र आँट प्रेरणा बनेकाले ट्याटु खोपेको बताए । बिर्तामोड-७का चौधरीले २५ हजार तिरेर ट्याटु हानेका छन् । उनी वीएण्डसीका पूर्व कर्मचारी हुन् ।

ट्याटु हात, खुट्टा, ढाडलगायत शरीरमा विभिन्न अंगमा खोप्ने चलन नेपालबाट शुरु भएको होइन, यो विश्वव्यापी प्रचलन अनुसार नै खोपिने गरेको छ । कतिपयले 'नाइटो' वरिपरि, कम्मर, पेटमा पनि खोप्ने गरेका छन् ।

तर नेपालका प्राय: अभिनेत्रीले भने 'क्लिभेज'मा देखिने गरी खोपेका छन् । चौधरीले भने पाखुरामा देखिने गरी दुर्गा प्रसाईको ट्याटु राखेका छन् । विभिन्न कुराले चर्चामा आउने प्रसाई यसपटक भने ट्याटुका कारण चर्चामा छन् ।

## सबै कमिटी व्युँताउने नेपाल समूहको निर्णय

**झापा, चैत १७।** एमालेको माधव-नेपाल पक्षले नवौं महाधिवेशनपछिका सबै कमिटी व्युँताउने निर्णय गरेको छ ।

सो पक्षको मंगलबार बसेको स्थायी समितिको बैठकले यस्तो निर्णय गरेको नेता भीम रावलले जानकारी दिए ।

'देशभरका सबै कमिटीहरु पुनर्स्थापना गर्न नेता कार्यकर्तालाई आह्वान गरिएको छ'- रावलले भने । बैठकले बाह्य शक्तिको आडमा प्रधानमन्त्री ओलीबाट कम्युनिष्ट ध्वस्त पार्ने काम भएको भन्दै त्यसलाई परास्त गर्न कार्यकर्ताहरुलाई सक्रिय हुन आग्रह गरेको छ ।

साथै बैठकले नेताहरुलाई झुठो आरोप लगाएर स्पष्टिकरण सोध्ने, निलम्बन गर्ने काम भएको निष्कर्ष निकालेको छ । प्रधानमन्त्री ओलीले बैठक र बहसलाई बन्द गरेर एमाले छिन्नभिन्न पार्ने काम भएको बैठकको ठहर छ ।


## वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी ।

**सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००**

## नि:सन्तान दम्पतिहरूका लागि सुवर्ण अवसर

झापाको बिर्तामोडमा पहिलोपटक ख्याति प्राप्त वात्सल्यको IVF सेन्टरमा स्त्री तथा प्रसूति रोग तथा नि:सन्तानहरुका लागि विशेषज्ञ सेवा सुचारु भएको सर्हष जानकारी गराउँदछौं ।

स्त्री तथा प्रसूति रोग तथा नि:सन्तान दम्पत्तिहरुका लागि विशेषज्ञ डा. आकृति भारती, एम.डी. द्वारा यही मिति २०७७/१२/२१ गते शनिबारका दिन बिहान १०-३ बजे नि:सन्तान दम्पत्तिहरुको चेकजाँच र आवश्यक परामर्श गरिने भएको हुँदा समयमै स्वास्थ्य जाँच गराई आवश्यक सेवा लिनहुन हार्दिक अनुरोध गर्दछौं ।

**समय :** १०:३० बजेदेखि

**स्थान :** बिर्तामोड पश्चिम बस स्टेण्ड उत्तर (निशा एडभान्स अल्ट्रासाउण्ड एण्ड गायग्नोष्टिक क्लिनिक)

**अग्रिम नाम लेख्ने समय :** ९:०० बजेदखि ५:०० बजेसम्म

**नोट : यहाँ न्यूरो ओपीडी र मानसिक रोग तथा अन्य अनुभवी विशेषज्ञ डाक्टरद्वारा दैनिक सेवा, रेडियोलोजी सेवा ।** झापामै पहिलोपटक अत्याधुनिक DR एक्सरे, 4D भिडियो एक्सरे र CT स्क्यान तथा प्याथोलोजीमा अत्याधुनिक मेसिनद्वारा दक्ष प्याथालोजिष्टबाट सम्पूर्ण रगतको जाँच TFT, रगतबाट क्यान्सरको जाच तथा मासुको जाँच गरिन्छ ।

**निसा एड्भान्स अल्ट्रासाउण्ड एण्ड गायग्नोष्टिक क्लिनिक,**

बिर्तामोड (पश्चिम बस स्टेण्ड उत्तर) झापा, ०२३-५९०१९४

## तु- चाहियो

कृषिफर्ममा बसेर काम गर्ने दम्पत्ति चाहियो ।

**सम्पर्क फोन नं. ९८१५०८०३९१**


### अझै ...

हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायु समेतको आंशिक प्रभाव रहेको छ । दिउँसो देशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही पहाडी भू-भागकै एक-दुई स्थानमा मेघगर्जन, चट्टयाङ्गसहित हल्का वर्षाको सम्भावना रहेको विभागले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार काठमाडौं उपत्यकाको न्यूनतम् तापक्रम ११ दशमलव पाँच डिग्री र अधिकतम् तापक्रम २५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ । त्यस्तै मंगलवार सबैभन्दा कम जुम्लाको न्यूनतम् तापक्रम पाँच दशमलव पाँच डिग्री र सबैभन्दा धेरै नेपालगञ्जको अधिकतम् तापक्रम ३६ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

### बम ...

घाइते भएका थिए । प्रेसर कुकर बम बिस्फोट हुँदा कार्यालयमा क्षति पुगेको थियो । बम विस्फोटको जिम्मा घटनाकै दिन तराई जनतान्त्रिक मुक्तिमोर्चा गोइत समूहले लिएको थियो । यसअघि सोही बम विस्फोटमा संलग्न रहेको आरोपमा सशस्त्र प्रहरीले लहान नगरपालिका-१८ भदैया निवासी २८ वर्षीय बलराम मण्डललाई पक्राउ गरेको थियो ।

### कर्मचारी ...

पहलमा सुरक्षित गर्भपतन र परिवार नियोजन सेवा बारे पनि करिब ३/४ महिनाको अन्तरालमा स्थानीयहरुलाई अवगत गराउँदै आएको छ । जिल्लाका दक्षिण तराई भेगमा सुरक्षित गर्भपतन सेवा गराउने तालिम प्राप्त कर्मचारीको अभावमा सबै प्राथमिक स्वास्थ्य केन्द्रमा उक्त सेवा लागू भएको छैन । भएका स्थानमा पनि १ जना मात्र कर्मचारी हुने र त्यही एक जना कर्मचारी पनि बिदामा बसिदिए पछि सबै काम ठप्पै हुने हुनाले नजिकैको सेवा लिनबाट स्थानीयहरु बञ्चित हुने गरेका छन् ।

कचनकवलकै वडा नम्बर ५की बाबो 'नाम परिवर्तन' गणेश शारीरिक रुपमा कमजोर छिन् । उनका ३ वटा सन्तान जन्मिसकेका छन् । फेरि गर्भ बसेको छ । मैले त २ वटा छोरीमै चित्त बुझाएको थिएँ, बुवा आमा मान्नु भएन । अर्को गर्भ पेटमा बस्ने बित्तिकै सुरक्षित गर्भपतन गराउने सोच आएको थियो तर बाबो डराइन् । बाबोका श्रीमान्ले भने- 'हामीले बच्चा जन्माई बिचमै गर्भपतन गराएको कुरा घर र समाजमा थाह भयो भने' भन्न थालिन् उनका श्रीमान्ले भने- अरु बच्चा जन्माउने क्रममा बाबो अझै कमजोर भइन् ।' आफ्ताफ भन्छन्- 'हाम्रो समाजमा छोरा मान्छेलाई अप्रेशन गर्न दिइँदैन ।' उनले भने- 'काम गर्नुपर्छ, कमजोर भइन्छ भनिन्छ ।' कचनकवलकै प्राथमिक स्वास्थ्य केन्द्रमा श्रीमान्/श्रीमतीको सल्लाह बमोजिम उनीहरु २ महिनाअघि सुरक्षित गर्भपतन गराउन गएका थिए । तर, त्यहाँ उक्त सेवा बन्द भएपछि नजिकैको मेची अस्पतालसम्म पनि श्रीमती जान नमान्दा अब फेरि उनीहरु अर्को बच्चा जन्माउँदैछन् । बाबोले भनिन्- 'नजिक हुँदा सजिलो हुन्थ्यो । बजार गएर आएको टाउको दुख्यो भनेर १ दिन सुत्दा पनि हुन्थ्यो । टाढा जाने बित्तिकै सबैलाई थाह हुन्छ । अनि नराम्रो सोच्छ ।'

कचनकवल गाउँपालिका-६की स्वास्थ्य स्वयम्सेविका मीरा घिमिरे नेपाल भन्छिन्- 'पहिला जस्तो अहिले त छैन । धेरै सम्झाइ सकियो सुरक्षित गर्भपतनका बारेमा तर पनि कतिपय मुस्लिम परिवारमा पुरानै मान्यता छ । जति बच्चा दिए पनि भगवानलेनै दिएको हो भन्ने चलन छ । त्यसो गर्दागर्दै महिलाको स्वास्थ्य खत्तम भएको परिवारलाई पत्तै हुँदैन ।'

जिल्ला स्वास्थ्य कार्यालय झापाका कार्यक्रम संयोजक जीवन चम्लागाँई भन्छन्- 'जिल्लामा सुरक्षित गर्भपतन सम्बन्धी तालिम लिएका तालिमप्राप्त स्वास्थ्यकर्मीहरुको अभाव नै छ । जसका कारण टाढाको अस्पतालमा धाउनुपर्ने बाध्यता छ । कर्मचारी अभाव भएका ठाउँमा तालिम प्राप्त अनुभवी कर्मचारी ल्याउने प्रयास गरिरहेका छौं ।' चम्लागाँईका अनुसार जिल्लामा गत आ.व. ०७५/०७६मा २० बर्षमाथिका १९ सय ५० जनाले मेडिकलका माध्यमबाट सुरक्षित गर्भपतन सेवा पाएका थिए भने १३ सय ४७ जनाले सर्जिकल सेवामार्फत सुरक्षित गर्भपतन गराएका थिए ।

यसैगरी जिल्लामा आव ०७६/०७७को तथ्यांक अनुसार मेडिकलका माध्यमबाट ८ सय ८९ जना र सर्जिकलका माध्यमबाट ११ सय २५ जनाले सुरक्षित गर्भपतनको सेवा प्राप्त गरेका थिए । यो तथ्यांक जिल्लाका सरकारी अस्पताल, मेरी स्टोप्स सेन्टर र प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित सुरक्षित गर्भपतन सेवा पाउनेहरुको हो ।


## डिभिजन वन कार्यालय, झापा

**प्रदेश नं. १ नेपाल**

**सम्पर्क : ०२३-४५५०५३**


- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
- वन क्षेत्रमा मानिसहरु हिंड्ने बाटोको दायाँ-बायाँ तथा घरबारी वरिपरि रहेका पातपतिङ्गर जस्ता सजिलै बल्न सक्ने पदार्थहरुलाई हटाई सफा राखौं ।
- गाउँ, टोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं ।
- आगलागी भई हालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं । आफ्नो ज्यानमा खतरा नहुने गरी वन डढेलो निभाऔं ।
- वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानूनी कारबाही गराऔं ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


**नेपाल सरकार**

**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

**जलस्रोत तथा सिंचाइ विभाग**

## जनताको तटबन्ध कार्यक्रम

**झापा**

### कन्काई, बिरिङ्ग, कमल र मेची नदी नियन्त्रण कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/१२/१८)**

जनताको तटबन्ध कार्यक्रम, झापाले प्रदेश नं १, झापा जिल्लामा, कन्काई, बिरिङ्ग, कमल र मेची नदी नियन्त्रण कार्य गर्न वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (प्रा.वा.प.) प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएको हुनाले र प्रतिवेदन तयार गरी नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट स्वीकृत गर्नुपर्ने प्रावधान अनुसार यो सूचना प्रकाशित गरिएको हो ।

**प्रस्तावको मुख्य विशेषता तथा प्रभाव पर्न सक्ने नगरपालिका तथा वार्डहरु**

| क्र.सं. | प्रस्तावको व्यहोरा | लम्बाई | प्रभाव पर्ने नगरपालिका, गाउँपालिका तथा वार्डहरु |
|---|---|---|---|
| १. | कन्काई नदी नियन्त्रण कार्यको प्रारम्भिक वातावरणीय परीक्षण | २९ कि.मी. | कन्काई नगरपालिका वडा नं ४,५, शिवसताक्षी नगरपालिका वडा नं ४,६,७, ९,१०, झापा गाउँपालिका वडा नं १,२ ४,७ र गौरीगञ्ज गाउँपालिका वडा नं १ |
| २. | बिरिङ्ग नदी नियन्त्रण कार्यको प्रारम्भिक वातावरणीय परीक्षण | ४५ कि.मी | बाह्रदशी गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ७ , कचनकवल गाउँपालिका वडा नं. १, झापा गाउँपालिका वडा नं. ५, ६, अर्जुनधारा नगरपालिका वडा नं. १, २, ३, ४ ,५ र कन्काई नगरपालिका वडा नं. १, ६, ७, ८ |
| ३. | कमल नदी नियन्त्रण कार्यको प्रारम्भिक वातावरणीय परीक्षण | २५ कि.मी | गौरीगञ्ज गाउँपालिकाको वडा नं. १, कमल गाउँपालिकाको वडा नं. १, २, ३ र शिवसताक्षी नगरपालिकाको वडा नं. १, २, ३, ४, ५ |
| ४. | मेची नदी नियन्त्रण कार्यको प्रारम्भिक वातावरणीय परीक्षण | ५२ कि.मी | कचनकवल गाउँपालिकाको वडा नं. ४, ५, भद्रपुर नगर पालिकाको वडा नं. ३, ४, ५, ९ र मेचीनगर नगरपालिकाको वडा नं. १, ४, ५, ६, ७, १५ |

**प्रस्तावकको नाम :** जनताको तटबन्ध कार्यक्रम, झापा ।

उक्त आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा वातावरणीय सवाल बारे राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानीय तहका प्रतिनिधिहरु, वन उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय जनता, संघ-संस्थाका प्रतिनिधिहरु तथा सरोकारवालाहरुको र प्रस्तावकको प्रतिनिधि बीच प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्वन्धीत सबैको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः**

| क्र.सं. | मिति र समय | स्थान |
|---|---|---|
| १. | २०७७।१२।२५ गते बुधबार | मेची नदी/ मेची पुल छेउ, भद्रपुर । |
| २. | २०७७।१२।२६ गते विहिवार | बिरिङ्ग नदी/ बाह्रदशी गाउँपालिका -७ नं. वडा कार्यालय, सिमलचोक । |
| ३. | २०७७।१२।२७ गते शुक्रबार | कन्काई नदी/ जनताको तटबन्ध कार्यक्रम, झापाको कार्यालय, माईधार । |
| ४. | २०७७।१२।२८ गते शनिबार | कमल नदी/ कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, क्याम्पा बजार । |

## अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल**

### बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

*सूचना प्रकाशित मिति : २०७७/१२/१८*

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७७/११/१२ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्ताव मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले सात दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिनेछ ।

**तपसिल :**

| Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT & PS NRs |
|---|---|---|---|
| AM/NCB/WORKS/ 23-077/78 | Construction Of Blacktop Road and RCC Retaining Structure, Arjundhara-4,7 | Singha Nirman Sewa, Itahari, Sunsari, | 1,00,69,567.83/- |

## बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**पशुपन्छी तथा मत्स्य विकास शाखा**

**बिर्तामोड, झापा (१ नं. प्रदेश, नेपाल)**

### शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित सूचना मिति २०७७/१२/१८**

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको चालु आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार तपशिल विवरण अनुसारको सामग्रीहरु अनुदान/साझेदारीमा वितरण गर्ने कार्यक्रम रहेकोले तपशिल विवरणको सामग्रीहरु बिक्रीका लागि इच्छुक फर्म/ व्यवसायीले दररेट (भ्याटसहित) तपशिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले कार्यलय समयभित्र १५ औ दिनसम्म शिलबन्दी दरभाउपत्र खरिद गर्न र १६औ दिनको १२:०० बजेसम्म शिलबन्दी दरभाउपत्रको प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| ठेक्का नं | सामग्री | स्पेफिकेशन | संख्या | फारम शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | साइलेज मेसिन | Forage Harvester Jagur–25 Single Row | १ | १०००/- | |
| २ | चापकटर मेसिन | Iron Body, 2 Roller, 32 Wheel | ४४ | १०००/- | |

**शर्तहरु**

१) इच्छुक शिलवन्दी दरभाउपत्र दाताले नागरिकताको प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र गत आ.ब. २०७६/०७७ को कर चुक्ता प्रमाण-पत्र पेश गरी शिलबन्दी दरभाउपत्र फारम खरिद गर्नु पर्नेछ ।

२) खरिद गरिएको शिलवन्दी दरभाउपत्र भरी १६औं दिनको १२:०० बजेभित्रमा यस कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । दाखिला भएका शिलवन्दी दरभाउ-पत्रहरु १६औं दिनको २:०० बजेपछि दरभाउपत्र दाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलवन्दी दरभाउपत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३) दरभाउपत्र फारममा कबोल अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउंमा शिलवन्दी दरभाउपत्रदाताले स्पष्ट सही छाप गरेको हुनुपर्नेछ ।

४) शिलवन्दी दर भाउपत्र फारम खरिद बापतको रकम यस कार्यालयको एनआइ सिएसिया बैंक शाखा बिर्ताबजारको हि.नं. २४६ CA ५००१८८७०००२ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरेको नगदी रसिद सक्कलै पेश गर्नुपर्ने छ ।

४) शिलवन्दी दरभाउपत्रमा उल्लेखित कवोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एनआइसिएसिया बैंक शाखा विर्ताबजार को हि.नं. २४६ CA ५००१८८७०००५मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र [redacted]
दरभाउपत्र साथ दाखिला गर्नु पर्नेछ ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको [redacted]
भएमा बिर्तामोड नगरपालिकाको निर्णय अन्तिम [redacted]

६) शिलवन्दीदर भाउपत्र दाताहरुले नगरपालिका [redacted]
कर, वक्यौता रकम नबुझाएसम्म निजले दर [redacted]

७) शिलवन्दी दर भाउपत्र दाताले नाम र ठेगाना [redacted]

८) शिलवन्दी दरभाउपत्र फारम खरिद गर्ने र [redacted]

९) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिका [redacted]

१०) शर्त राखी पेश गरेको, रित नपुगेको र म्या [redacted]

११) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हक [redacted]

१२) यस सम्बन्धमा थप कुराहरु बुझ्न परेमा का [redacted]
बुझ्न सकिनेछ ।

१३) ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत [redacted]
दरभाउपत्र फारममा उल्लेख गरिएको छ । द [redacted]

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ [redacted]
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश [redacted]
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्र [redacted]

पूर्वाञ्चल
सम्पादकीय

## वातावरणीय संकट

**कोरोना कहरका बीच सत्तारुढ दल एमालेभित्रको जुंगाको लडाइँले बढाएको राजनीतिक अस्थिरताको त्रास र त्यसले निम्त्याउन सक्ने जोखिम माथि अर्को जोखिम थपिएको छ । वायु प्रदूषणका कारण उत्पन्न जोखिम र मानव अस्तित्वमाथिको अनिश्चयको सन्त्रासका बीच सरकारले बालबालिकालाई लक्षित गरी शिक्षण संस्थाहरु बन्द गर्ने निर्णय गरेको छ । यद्यपि वातावरणीय दुष्प्रभाव घरमा आइनपुग्ने होएन तथापि शिक्षण संस्था बन्द गरेर थोरै भए पनि जिम्मेवारीबाट मुक्ति भएको छ । तर, यतिले वातावरणजनीत समस्याले निकास पाउने छैन । बरु विद्यमान कोरोना र एमालेको जीवनमा प्राण सञ्चार गर्नेहरु माथिको कारवाहीले निम्त्याउन सक्ने अस्थिरता, अनिश्चितता र अन्यौलपूर्ण अवस्थामा वायु प्रदूषण झनै ठूलो विपद्का रुपमा उभिने देखिएको छ ।**

**वातावरण प्रदूषणका कारण मानव स्वास्थ्यमा प्रतिकूल असर गरिरहेको छ । हिजोसम्म स्वस्थ्यकर, प्राकृतिक सौन्दर्यले परिपूर्ण भनिने नेपालमा आज मानवीय गतिविधिकै कारण वातावरणीय संकट बढ्दै गएको छ । खासगरी राजधानी काठमाडौं लगायत देशका शहरी क्षेत्रहरु वायु प्रदूषणको चपेटामा पर्दैछन् । अझ पछिल्लो समय नेपाल विश्वकै सर्वाधिक प्रदूषित देशमा रुपान्तरित हुन पुगेको छ । प्रदूषणको दुष्प्रभावले मानिसलाई साँझ–बिहान घरबाट ननिस्कन वातावरणविद् तथा जनस्वाथ्यविद्हरुले सुझाव दिएका छन् । बढ्दो सवारीसाधन, वनजंगलको विनाश, नदी तथा नदीजन्य सामग्रीको अतिक्रमण तथा दोहन भौतिक विकासको नाममा गरिएका कार्यहरु, कलकारखाना र तिनले उत्सर्जन गर्ने प्रदूषण कुनै क्षेत्रको सीमा वा देशको भूगोलले रोक्न नसक्ने हुँदा यो संकट अझै गहिरिने निश्चित जस्तै छ ।**

**जनसंख्या वृद्धिसँगै मानव सिर्जित प्रदूषणका कारण वातावरणीय सन्तुलन खलबलिँदै गएको छ । अव्यवस्थित विकास–निर्माण, ढल, फोहर, सवारीले उत्पन्न गर्ने ध्वनि र धुँवाजन्य प्रदूषण, उत्पादनशील क्षेत्रको विनाश जस्ता अव्यवस्थित कारणले असन्तुलित वातावरणले जैविक विविधतामा समेत खलल पुग्न गई उत्पन्न हुनसक्ने दुष्प्रभाव कम गर्न र वातावरणमैत्री क्रियाकलापमा राज्यको गम्भीर चासो र अग्रता देखिनु पर्दछ । विज्ञानको अविष्कारका रुपमा निर्माण गरिएका आणविक भट्टी, शहरीकरण जस्ता वातावरणीय सन्तुलन नष्ट गर्ने विषयलाई व्यवस्थित गरिनु पर्दछ । प्रदूषणले पार्न सक्ने दिर्घकालीन समस्या, मानव स्वास्थ्यमा पर्ने असर र जलवायु परिवर्तनबाट उत्पन्न हुने संकटबाट जोखिन व्यक्ति समेत सचेत हुनुपर्छ । त्यसका लागि स्वास्थ्य एवम् वातावरणविद्हरुका सुझाव र चेतावनीलाई राज्यले गम्भीरतापूर्वक लिनु पर्दछ । धूलो, धुँवा, ध्वनि, जमिन, जल, प्रदूषणले वायु मण्डलमा पार्ने असरप्रति राज्य बढी जिम्मेवार हुनुपर्छ । जुन सरकारका तर्फबाट अझै देखिएको छैन । केवल सत्ता लिप्साको मोहजालमा रहने हो भने मानव सभ्यता र मानव अस्तित्वको रक्षा गर्न सकिने छैन । त्यसैले वातावरण रक्षाका खातिर अघि सर्नैपर्छ सरकारसँगै सबै सू–सुचित र सजग होऔं ।**

### सामाजिक सञ्जाल


थ्री–नेसन्स कपमा उत्कृष्ट प्रदर्शन गरी विजय हासिल गर्ने नेपाली राष्ट्रिय फुटबल टिमलाई हार्दिक बधाई ! वायुप्रदुषण, कोरोना, राजनीतिक खिँचातानीले वाक्कदिक्क बनाएको जनमानसलाई यस्तै राष्ट्रिय खुशीहरूले मल्हम लगाउँदै जाउन्, थप सफलताको शुभकामना !
**– बाबुराम भट्टराई**


३७ बर्षपछि यसैपालि नेपाली फुटबल टोलीको जीतमा केपी बाको अथक परिश्रम, मेहनत र दूरदर्शिता छ भनेर अहिलेसम्म कसैले लेखेका छैनन् । किन यस्तो सुनसान भो सामाजिक सञ्जाल ?
**– कुमार भट्टराई**


मैले जीवनमा सफल हुन कहिले खोजिन, मेरो कोही प्रतिस्पर्धी नै छैन, जसलाई जितेर म सफल बनु ? जबकि मेरो प्रतिस्पर्धी म स्वयम् हुँ । खुशी हुन सबैभन्दा सरल छ सबैका गुन सम्झनु उनीहरू प्रति कृतज्ञता हुनु परेका बेला साथ दिने हात दिने अनि आँट दिने सबैलाई सम्मान किनकि मैले एउटा खुशीका साथ जीवन बिताइरहँदा मैले सम्झनै पर्छ/सम्झी रहन्छु/रहनेछु । जीवनमा जस्तो संकट आउँछ हाँसी–हाँसी सामना गरौं । किनकि हामीलाइए लागे जस्तो संकट आएकै हुन्न ।
**– सागर अजनवी**

# बालबालिकालाई संस्कार र संस्कृति सिकाऔं


**पूर्णबहादुर कटुवाल**

पढ्न र सिक्न हाम्रा बालबालिकालाई विद्यालय पठाउँछौं । पढ्ने र सिक्ने औपचारिक थलो पनि त्यही नै हो । हाम्रा छोराछोरी पढाइमा तेज हुन्, अब्बल हुन्, अझ अहिलेको हाम्रो माग भनेको छ अंग्रेजीमा फरर हुन् । हामी अभिभावकले बुझेको शिक्षा यही हो । हाम्रा नानीहरु स्कूल, कलेजमा पढेको पाठ्यक्रममा, विषयवस्तुमा क्षमतावान् भइ दिए भने हाम्रो मन भरिन्छ । तर, विद्यालयको औपचारिक पढाइ र घरको संस्कार र संस्कृतिको अनौपचारिक सिकाइबीचको अन्तर बुझ्न कञ्जुस्याइँ गर्‍यौं हामीले । जसले गर्दा औपचारिक शिक्षामा अब्बल बनाइएको हाम्रो नानी व्यवहारिक र सांस्कृतिक पक्षमा कति पछि परेको छ , र पुस्तौंपुस्तासम्म यसको कस्तो प्रभाव पर्दै जान्छ भन्नेबारे कहिल्यै सोचेनौं ।

सिकाइका विभिन्न ठाउँ छन् । यसमध्ये विद्यालय एक हो । अरु ठाउँको भन्दा विद्यालयमा गरिने सिकाइ बढी प्रभावकारी र औपचारिक हुन्छ । यथार्थ यही हो । किनभने विद्यालयमा विद्यार्थीले धेरै समय बिताउँछ सिकाइको लागि । त्यहाँ सिक्ने र सिकाउनेसँग नजिकको सम्बन्ध स्थापित हुन्छ र त्यो औपचारिक पनि हुन्छ । घण्टा, घण्टी, रुटिन, परीक्षा, नतिजा, पास र फेलका प्रावधानले विद्यालयको सिकाइ औपचारिक हुन्छ । त्यहाँको सिकाइ बढी प्रभावकारी हुन्छ । यो सिकाइ सिकारुको जीवनको एउटा पाटो हो । तर, सिंगो जीवनको पाठ सिकाउने स्थल चाहीँ विद्यालय मात्र होइन र त्यहाँको सिकाइले जीवन पूर्ण हुन्छ भन्ने चाहीँ होइन । विद्यालयमा सिकारुको जोड केबल पाठ्यक्रम मात्र हुन्छ ।

जीवनका व्यावहारिक पक्ष, परिवार, समाज, परम्परा, संस्कार र संस्कृति जस्ता विषय विद्यालयमा विद्यार्थीले केबल गणीयत अर्थ अर्थात् नतिजामा पास र फेलको सवालमा नै बढी केन्द्रित भएको हुन्छ । सिक्छ/सिकाइन्छ, तर व्यवहारिकताको लागि भन्दा पनि त्यो सिकाइ नतिजा प्रकाशन भएको बेला उसले पाउने ग्रेडसीटको ग्रेडपोइन्ट अर्थात् अंकभारसँग सम्बन्ध राख्छ । र, अभिभावकले पनि यो बुझ्दछ कि मेरो बच्चाले कतिसम्म उच्चतम् अंक वा पोइन्ट पाएर उत्कृष्ट भयो नकी कति व्यवहारिक र सांस्कृतिक शिक्षा ग्रहण गर्‍यो भन्नेमा किमार्थ चासो देखिँदैन । त्यसैले विद्यालयको सिकाइ मात्र व्यवहारिक जीवनका लागि पूर्ण हुन सक्दैन, यसको लागि बच्चाको परिपुरकका लागि परिवारको ध्यान जान आवश्यक छ ।

आजका बालबालिका भविष्यका मूल आधार हुन् । उनीहरुलाई वर्तमान र भविष्य जतिकै विगत पनि आवश्यक छ । इतिहास सिकाइनुपर्छ, जुन अहिले आधार हो । उनीहरूका पक्षमा सकारात्मक, सिर्जनात्मक र व्यवहारिक दिशानिर्देशका साथ सहज वातावरण काम गर्न र गराउन पनि संस्कार र संस्कृति र नैतिकताको पाठ सिकाउन आवश्यक छ । संस्कृति र नैतिकताको पाठ सिकाउन नसक्दाका धेरै दुष्परिणाम अहिलेको समाजले भोग्न थालेको छ । हजारौं बाबु-आमा चिन्तित बन्नु परेको छ । समाजमा अनैतिकताको बीज अंकुरण हुन थालेका कैयौं उदाहरण देख्न, सुन्न र भोग्न थालिएको छ । उचित स्याहार-सुसार, मार्गनिर्देशन,



सिकाइ र मानसिक तथा शारीरिक उन्नतिबाट वञ्चित बालबालिकाबाट भविष्यमा परिवारले र राष्ट्रले कुनै ठूलो अपेक्षा गर्न सम्भव छैन । बालबालिकालाई संस्कार दिन सकिएन भने व्यवहारिक शिक्षा परिवारले नै दिन सकेन भने देश, समाज र परिवारका लागि तिनै बालबालिका बोझ, बाधक र कलंक बन्न सक्छन् ।

देश, समाज र परिवारका मुख्य आधार हाम्रा छोराछोरी, बालबालिकाको चौतर्फी हित र विकासको लागि हामीले नै दूरदर्शी चिन्तन र सोचका साथ व्यवहारिक शिक्षा सिकाइमा जोड दिनुपर्छ । घरको सिकाइ अभियान हाम्रो लागि महत्वपूर्ण छ । बालकले नैतिकताको पाठ सिक्ने अवसर घरबाटै पाउनुपर्छ । विगत सिक्ने पहिलो पाठशाला घर हो । अभिभावक शिक्षक हुन् । जहाँ बालकले आफ्ने पुस्ताको इतिहास पढोस् र सिकोस् । नैतिकता, मानसम्मान, घरेलु जीवनका सम्पूर्ण अध्याय सिक्दै जाओस् जसले औपचारिक शिक्षालाई आधार बनाएर शिखर पुग्न सकोस् । यसको लागि घर-परिवार, विद्यालय, समाज र राज्य सबैतिरबाट यथोचित प्रयास थालिनुपर्छ । बाल पुस्ताप्रति बेलैमा सचेत र सजग हुन सकेनौं भने भविष्यमा उनीहरूबाट अपेक्षित प्रगति असम्भव हुन सक्छ । नैतिकताको खडेरी पर्न सक्छ । संस्कार, संस्कृति र सभ्यता ओझेलमा पर्न सक्छन् जसको अभावमा देश प्रेम र देशभक्ति एकादेशका कथा हुन सक्छन् ।

हाम्रो समाजमा अहिले बालबालिकालाई सुनाउने, सघाउने, सिकाउने वा बुझाउने कुरामा कञ्जुस्याइँ हुन लागेको छ । प्रविधि र व्यस्तताको बहानामा हामी अभिभावक नै कतै बालबालिका प्रति अन्याय त गरिरहेका छैनौं ? किन यस्तो भएको हो, यसले हामीलाई कुन मोडमा पुर्‍याउँछ ? यी अनुत्तरित प्रश्नले हामीलाई कुन मोडमा पुर्‍याउला ? हामी सिकाउन, बुझाउनवा बाटो देखाउनतिर अग्रसर बन्न सकिरहेका छैनौं । यो चिन्ताजनक पक्ष हो । सिकाइ भनेकै पाठ्यपुस्तक हो, यति सिकेपछि पुग्छ भन्ने हाम्रा अदूरदर्शी सोचका कारण बालबालिका सांस्कृतिक र व्यवहारिक सिकाइबाट वञ्चित भइरहेका छन् । बालबालिकालाई देशको निर्माण, वीरहरूको योगदान, पितापुर्खा, बाजे-बराजु, पारिवारिक स्थिति, आफन्त र इष्टमित्रका बारेमा पर्याप्त जानकारी दिने काम गरिनुपर्छ । यसो नभएकै कारण पारिवारिक विखण्डन र व्यक्तिवादी प्रवृत्ति हावी हुँदै गएको छ । हामीले सन्तान दरसन्तानलाई देश र पितापुर्खा चिनाउन सकेनौं भने भावी दिनमा हाम्रो राष्ट्रियता, पहिचान गौरव र इतिहासको गोरेटो मेटिन सक्छ ।

हाम्रा बालपुस्ताले सिक्नुपर्ने कुरा धेरै छन् । सिकाउने हामी अभिभावक नै गम्भीर छैनौं । हामी अभिभावकहरू सबै कुराको आशा विद्यालयबाट मात्र गरिरहेका छौं । सन्तानलाई विद्यालय प्रवेश गराएपछि आफ्नो कर्तव्य पूरा हुन्छ भन्ने सोचाइबाट माथि उठ्नुपर्छ । बालबालिकालाई विद्यालय पठाएपछि सबै थोक सिक्छन्, जान्दछन्, बुझ्छन् र परिपक्व हुन्छन् भन्ने दृष्टिकोणमा परिवर्तन हुनु आवश्यक छ । सिक्नु र आवश्यक कुरा सिक्नुमा ठूलो अन्तर छ । यो अन्तर नबुझेसम्म हामी असल अभिभावक बन्न सक्दैनौं ।

सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो र यसको औपचारिक समापन कहिल्यै हुँदैन । समय र परिस्थिति अनुसार सिकाइ हुने भएकाले एकै उमेर वा बसाइँमा सिकाइ सकिँदैन । यसका लागि धैर्य र निरन्तरताको आवश्यकता पर्छ । निरन्तर सिकाइ परिवारबाट मात्र सम्भव छ । यो सिकाइ नै जीवनोपयोगी हुन सक्छ । सन्तानले जीवनका सही बाटो नसमाएसम्म कुनै पनि अभिभावकको कर्तव्य पूरा हुँदैन । तर, आजका अभिभावकको दैनिकी व्यस्तता र पैसासँग जोडिएको छ जसले जीवन चुर्लुम्म डुबेका छन् । पैसा भएर पनि दुःखी हुनेहरू हामी नै हौं । हाम्रो ध्यान यतातिर जानु आवश्यक छ । तर, हामीले यो पाटोलाई समात्न सकिरहेका छैनौं । त्यो पाटोलाई नसमाएसम्म हामी गन्तव्यहीन बनिरहने अवस्था यथार्थ हो ।

बालबालिका असल, व्यवहारिक, जीवनोपयोगी र सान्दर्भिक सिकाइको माध्यमले मात्र जीवनमा सफल हुन सक्छन् । सिकाइ विद्यालयको अलावा घर, परिवार, समाज, सम्प्रदाय र संघ-संस्थाहरूबाट पनि हुन्छ भन्ने कुरा बिर्सन हुँदैन । तर, मानिसहरू यो बाटोतिर प्रवेश गर्न सकिरहेकै छैनन् । परिवार र सन्तानको दायित्वबाट क्रमशः विमुख बन्दै गएको हाम्रो संस्कार परिवर्तन गर्न आवश्यक छ । आधुनिक प्रविधिको प्रयोग सही तरिकाले हुन नसक्दा हामीले हाम्रा बालबालिकालाई निकम्मा बनाइरहेका छौं । हाम्रै बेफुर्सदीले बालबालिकाको सिकाइमा गम्भीर असर परिरहेको छ ।

भविष्यमा देश चलाउने खम्बा सक्षम पार्न आजैदेखि अभिभावकले योजनाबद्ध ढङ्गले काम गर्न आवश्यक छ । उनीहरूलाई सबल र सक्षम बनाउनु नै देशको जगमा इँटा थप्नु हो । कमजोर जग कुनै पनि क्षण ढल्न सक्छ अनि परिणाम दुःखद् पनि हुन सक्छ । बलियो जगको आडमा मात्र असल र राम्रा काम गर्न सकिन्छ । बालबालिका परिवार, समाज र देशका जग हुन् । उनीहरूलाई बलियो, सक्षम र धारिलो बनाउन संस्कार र संस्कृतिको पाठ पढाउन आजैबाट थालौं ।

# अव्यवस्थित कृषिथोक बजारको रुप नयाँ समितिले सुधार गर्ला ?



☐ **वीरबहादुर दर्नाल**

**बिर्तामोड, चैत १७।** पूर्वी नेपालको राजनीतिक तथा व्यवसायिक केन्द्र बिर्तामोड नगरको कृषिथोक बजारले हालै नयाँ नेतृत्व पाएको छ ।

बिर्तामोड वडा नम्बर ५ स्थित कृषि उपज केन्द्र विगत १० वर्षदेखि नेतृत्वविहीन थियो । कृषिथोक बजार अव्यवस्थित बन्नुमा नेतृत्व विहीनता पनि एउटा कारण मानिएको थियो । बिर्तामोड, अर्जुनधारा, कनकाई, भद्रपुर र मेचीनगर नगरपालिका तथा हल्दिबारी, बाह्रदशी र बुद्धशान्ति गाउँपालिकाका किसानहरुको प्रतिनिधित्व गर्दै तीन वर्षे अवधिका लागि कमलप्रसाद पौडेल बजार सञ्चालक समितिको अध्यक्षमा निर्वाचित भएका हुन् । आफूले जिम्मेवारी पाएसँगै पूर्वकै व्यापारिक केन्द्र बनेको कृषिथोक बजारलाई व्यवस्थित बनाएर नेपाल कै नमूना कृषि उपज केन्द्र बनाउने अध्यक्ष पौडेलले दाबी गरेका छन् । विशुद्ध किसान र उपभोक्ताको बजार बनाउनेमा आफ्नो मुख्य पहल रहने उनको भनाइ छ ।

कृषि उपज बजार स्थलमा माछा, मासु, हरियो सागसब्जी लगायतका तरकारीजन्य उत्पादनको बिक्री वितरण हुने गर्दछ । करिब एक हजार हाराहारी व्यवसायीहरुको कार्यक्षेत्र रहेको यो पूर्वकै ठूलो कृषि बजार हो । स्थानीय तथा बाह्य क्षेत्रका नागरिकले यहाँ भरपर्दो रोजगारी पाएका छन् । बिर्तामोडमा शहरीकरण हुँदै गर्दाको समयमा अर्थात् आजभन्दा ५० वर्षअघि दानबाट प्राप्त चार विगाह जमिनमा कृषिथोक बजार रहेको छ । कृषि विज्ञ समेत रहेका राजनीतिक तथा समाजसेवी स्वर्गीय रामबाबु प्रसाईले कृषिजन्य उत्पादनको सहज बिक्री-वितरण होस् भन्ने उद्देश्यले सो जमिन दिएका थिए ।

शुरु-शुरुमा बिर्तामोड र त्यस वरपर गाउँका किसानले उत्पादन गरेका कृषिजन्य बस्तु बिक्री गर्ने र आसपासका उपभोक्ताहरुको मात्र सो बजारमा बढी चहलपहल हुने गर्दथ्यो । सामान्य पूर्वाधारमा सञ्चालित कृषिथोक बजारको चाप बढेर अहिले झापा जिल्लामात्र होइन, पूर्वी पहाडी जिल्लाहरुको पनि थपिएको छ । सँगसँगै भारत तथा बंगालादेशका उत्पादनहरुको लागि पनि यो महत्वपूर्ण बिक्री केन्द्र बनेको छ । पहिले सामान्य भौतिक संरचना र योजनामा बनेको बजारले नयाँ माग र चापलाई धान्न नसकेको वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनको पनि बुझाई छ । पर्याप्त जग्गा भएर पनि आवश्यक भौतिक पूर्वाधार नहुँदा बजार अस्तव्यस्त बनेको हो । लामो समयसम्म जनप्रतिनिधि नहुनु र बजार समिति पनि अस्तित्वमा नहुँदा कृषि बजार अव्यवस्थित बनेको वडाध्यक्ष लिङ्देन प्रष्ट पार्छन् ।

कृषिथोक बजार क्षेत्रमा कुहिएका, बिग्रिएका सागसब्जीले जताततै फोहोर बनेको छ । बजार क्षेत्रमा व्यवस्थित शौचालयको अभाव छ भने ढल निकास तथा फोहोर व्यवस्थापन नहुँदा बजार दिनदिनै दुर्गन्धित बनेको छ । कृषि बजारमा अति नै दुर्गन्ध बढ्दै गएपछि व्यवस्थापनका लागि धेरै पटक स्थानीयले गुनासो समेत नगरेका होइनन् । तर, यसको उचित सम्बोधन अहिलेसम्म भएको छैन, रञ्जना ट्रेडर्सका प्रोप्राइटर युवराज काफ्लेको भनाई छ । बढ्दो दुर्गन्धका कारण बजार वरपरका क्षेत्रमा हैंजा फैलिने र स्वास्थ्य प्रतिकूल बन्ने डरले धरै उपभोक्ताहरु सो क्षेत्रमा हिँड्न समेत डराउँछन् भने किनमेल गर्नेहरु पनि नाक थुनेर हिँडडुल गर्न बाध्य छन् ।

यस्तो प्रतिकूलताका माझ नेतृत्व सम्हालेका पौडेलले यसको समुचित व्यवस्थापनका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना अघि सारेका छन् । उनको अल्पकालीन योजना अनुसार फोहोर मैला व्यवस्थापन, ढल निकास, विषादी परीक्षण, किसान र व्यापारीहरुको लगत संकलन, निरन्तर अनुगमन, कार्यालय व्यवस्थापन तथा बजेटिङ जस्ता कार्यहरु पर्दछन् । यी विषयहरुलाई आउँदो असार मसान्तसम्म सम्पादन गरी सक्ने पौडेल नेतृत्वको समितिको योजना छ ।

त्यसैगरी बजार स्थलमा सीसी क्यामेरा जडान, घर-टहरा पुनःनिर्माण, कम्पाउण्ड बाल निर्माण आदिलाई पौडेलले मध्यकालीन योजनामा पारेको बताएका छन् । त्यस्तै चिस्यान केन्द्रको निर्माण, सवारी पार्किङ स्थल, लोडिङ-अनलोडिङ जस्ता कामहरु तेस्रो चरण अर्थात् दीर्घकालीन योजनामा राखेर कृषि बजारलाई व्यवस्थित गर्दै लैजाने योजना रहेको अध्यक्ष पौडेलले बताए ।

बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटी हरियो तरकारीको बिक्री केन्द्र कृषिथोक बजारमा पछिल्लो समय बढ्दो विषादीलाई कम गरी आफूले चार प्रतिशतमा झारेको दाबी गर्छन् । बजारलाई व्यवस्थित गर्दै अन्तर्राष्ट्रियस्तरको बनाएर सञ्चालन गर्न सकेमा यसबाट अझ धेरै आम्दानी भित्र्याउन सकिने नगर प्रमुख शिवाकोटीको धारणा छ । नवनिर्वाचित अध्यक्ष पौडेलले आश्चर्य व्यक्त गर्दै भने- 'कृषिथोक बजार यतिसम्म अव्यवस्थित रहेछ कि यति बहुमूल्य जग्गादान दिने व्यक्तिको एउटा फोटोसम्म कार्यालयमा राखेको पाइएन ।' आफ्नो कार्यकाल सकिएर जाँदै गर्दा जग्गादाताको शालिक निर्माण गरेर उहाँको योगदानको उच्च सम्मान गर्नमा बिर्तामोडबासी चुकेनन् भन्ने एउटा उदाहरण समेत पेश गर्ने योजना रहेको उनले बताएका छन् ।

## हात्तीको आक्रमणमा एक जनाको मृत्यु



**मोरङ, चैत १७।** मोरङको मिक्लाजुङ गाउँपालिका-६ थामीझोडाका ५० बर्षीय यामबहादुर बोहोराको जंगली हात्तीको आक्रमणमा मृत्यु भएको छ ।

छिमेकीको घरबाट टेलिभिजन हेरेर घर फर्कंने क्रममा जंगलबाट आएका तीन वटा जंगली हात्तीले किल्ची गम्भीर घाइते भएका बोहोराको उपचारको लागि लैजादै गर्दा बाटैमा मृत्यु भएको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनाएको छ ।

## इटहरीमा एक जनाको हत्या

**इनरुवा, चैत १७।** सुनसरी इटहरी उपमहानगरपालिका-२ मा एक जनाको हत्या भएको छ ।

स्थानीयबासी केशव कार्कीको हत्या भएको सुनसरीका प्रहरी नायब उपरीक्षक नगेन्द्र कार्कीले बताए । सुतेकै ठाउँमा सुँगुर मार्ने झिरले रोपेर कार्कीको हत्या गरिएको सुनसरी प्रहरीले जनाएको छ । हत्या गरेको आरोपमा छिमेकी जीवनाथ रेग्मीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । छिमेकीको हत्या गरी भागिरहेको अवस्थामा रेग्मीलाई प्रहरीले पक्राउ गरेको हो ।

पुरानो रिसइबी साँध्नका लागि रेग्मीले कार्कीको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# 'मुलुकमा फेरि राजनीतिक संकट निम्तिन्छ'



**बिर्तामोड, चैत १७।** सामान्य नागरिकदेखि राजनेतासम्मको भविष्यवाणी गर्दै आएकी 'माता' सविता शर्मा सरु आचार्यले राजनीतिक संकट थप गहिराइमा पुग्ने बताएकी छन् ।

बिर्तामोडमा पूर्वाञ्चल दैनिकसँग कुराकानी गर्दै माता आर्चायले नेपालको राजनीतिमा थप उथल-पुथल हुने भविश्यवाणी गरेकी हुन् । उनले २०७८ सालमा नेपालमा फेरि राजनीति भुइँचालो जाने भन्दै २०४७ सालको संविधान ब्यूँतने खतरा बढेर गएको बताइन् । भविष्यवाणीका क्रममा माता आर्चायले मुलुकमा कुनै पनि हालतमा राजसंस्था फर्कने बताउँदै राजसंस्था नफर्किएसम्म मुलुकमा शान्ति नहुने बताइन् । आन्तरिक कलहका कारण कम्युनिस्ट पार्टी पतनको बाटोमा गएको भन्दै १५ वर्षपछि कम्युनिस्ट पार्टी एकाएक हराएर जाने माताको भविष्यवाणी छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकलाई समृद्ध पार्न प्रयत्न गरेपछि सफल हुन नदिएको बताउँदै तत्काल उनलाई राजीनामा दिन घेराबन्दीमा पारिए पनि त्यो सफल नहुने उनको भनाइ छ । ओलीलाई चलाउने अर्को छुट्टै शक्ति भएकाले प्रधानमन्त्री ओलीले सहजै राजीनामा नदिने माताले बताइन् । आर्चायले माधव नेपाल लगायतका नेता माओवादीसँग मिलेकाले पतनको बाटोमा गएको भविष्यवाणी गरेकी छिन् । उनले अब माधव नेपाल लगायतका नेताको शक्ति विस्तारै घट्दै जाने बताइन् ।

# आचार संहिता उल्लंघन गर्ने २४ जना उम्मेद्वारलाई सचेत गराइयो

□ लक्ष्मी उप्रेती

**काँकरभिट्टा, चैत १७।** आगामी चैत २१ गते शनिबार हुने काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको निर्वाचन सम्बन्धी आचार संहिता उल्लंघन गरेको भन्दै निर्वाचन समितिले आचार संहिता उल्लंघन गर्ने उम्मेद्वारलाई पहिलो पटक सचेत गराएको छ ।

नेकपा एमाले र राप्रपाको गठबन्धन साझा उम्मेदवार र नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीको गठबन्धन लोकतान्त्रिक प्यानलका २४ जना उम्मेद्वारलाई पहिलो पटक निर्वाचन समितिले सचेत गराएको निर्वाचन समिति संयोजक लक्ष्मीप्रसाद उप्रेतीले जानकारी दिए ।

यी दुई समूहका उम्मेद्वारले निर्वाचन आचार संहिता उल्लंघन गरेको भन्दै निर्वाचन समितिको कार्यालयमा कारवाहीका लागि पदका स्वतन्त्र उम्मेदवार कृष्णबहादुर सुवेदी (किरण)ले सोमबार मुद्दा दर्ता गराएका थिए ।

कारवाही स्वरुप पहिलो पटक २४ जना उम्मेद्वारका नाममा सचेत पत्र लेखेको समितिले जनाएको छ । 'काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको निर्वाचन सम्बन्धी आचार संहिता उल्लंघन भएको छ' -निर्वाचन समिति संयोजक उप्रेतीले भने- 'यी दुई समूहका उम्मेद्वारले निर्वाचन आचार संहिता उल्लंघन गरेको भन्दै निर्वाचन समितिको कार्यालयमा कारवाहीका लागि पदका स्वतन्त्र उम्मेदवार सुवेदीले प्रमाणसहित मुद्दा दर्ता गराएको र यसमा निर्वाचन समितिको ध्यानाकर्षण भएपछि समितिको बैठकले पहिलो पटक उम्मेद्वारलाई सचेत गराउने काम भएको छ ।'

निर्वाचन समितिले जारी गरेको संस्थाको निर्वाचन सम्बन्धी १८ बुँदे आचार संहिताको ३ नम्वर बुँदामा प्रचार-प्रसारका क्रममा पत्रपत्रिका तथा विद्युतीय सञ्चारमाध्यममा विज्ञापन गर्न नपाइने उल्लेख छ ।

दुवै समूहका उम्मेदवारले निर्वाचन समितिले जारी गरेको संस्थाको निर्वाचन सम्बन्धी आचार संहिताको उल्लंघन गर्दै निर्वाचन समितिलाई चुनौति दिँदै दैनिक र साप्ताहिक पत्रिकामा उम्मेदवारको फोटोसहित प्रचारका विज्ञापन गरेको भन्दै प्रकाशित पत्रिकासहित उपाध्यक्ष पदका स्वतन्त्र उम्मेद्वार सुवेदीले निर्वाचन समितिमा कारवाहीका लागि मुद्दा दर्ता गराएका थिए ।

तर, निर्वाचन समितिले जारी गरेको निर्वाचन सम्बन्धी आचार संहिताको उल्लंघन गर्दा समेत सामान्य सचेत मात्र गराएर निर्वाचन समिति उम्कन खोजेको भन्दै अन्य दल र स्वतन्त्र उम्मेद्वारले निर्वाचन समितिमाथि टिप्पणी गरेका छन् ।

# टीसीएलले ल्याएको छ नयाँ वर्षको अफर




**झापा, चैत १७।** अन्तर्राष्ट्रिय बजारमा उच्चस्तरीय इलेक्ट्रोनिक्स तथा होम एप्लाएन्सका लागि विश्वकै टप २ ब्रान्डका रुपमा टीसीएलले आफूलाई स्थापित गरेको छ ।

विगत लामो समयदेखि गुणस्तरका लागि एक विश्वसनीय नाम बनेको टीसीएलले नयाँ वर्ष २०७८ को उपलक्ष्यमा उत्कृष्ट अफर पनि लिएर आएको छ । चैत ११ गतेदेखि शुरु भएको यस नयाँ वर्षको अफरमा टीसीएलका टिभी, वासिङ्ग मेशिन, एअर कन्डिशनर आदि खरिद गर्दा ग्राहकहरुले क्यासब्याक पाउन सक्नेछन् ।

तीन वर्षको वारेन्टी भएको टीभीमा ७२ हजार नौ सयसम्मको क्यासब्याक, मोटर र पीसीबीमा पाँच वर्षको वारेन्टी भएको फ्रन्ट लोडिङ्ग वासिङ्ग मेशिनमा पाँच केजी एक्स्ट्रा वासिङ्ग पाउडर र १४ हजार छ सयसम्मको क्यासब्याक, मोटरकमा तीन वर्षको वारेन्टी भएको टप लोडिङ्ग वासिङ्ग मेशिनमा पाँच केजी एक्स्ट्रा वासिङ्ग पाउडर र सात हजार पाँच सयसम्मको क्यासब्याक तथा एअर कन्डिशनरमा पाँच वर्षको वारेन्टीका साथै निःशुल्क जडानको सुविधा पनि पाइने कम्पनीले जनाएको छ ।

आफ्नो जीवनशैलीलाई नयाँ वर्षको आगमनसँगै विशिष्ट तथा नयाँ प्रविधिले परिवर्तित गर्न चाहनु हुने ग्राहकहरुका लागि टीसीएलले ल्याएको यो अफर आकर्षक रहेको बताइएको छ । टीसीएल ब्रान्डलाई चौधरी ग्रुप अन्तर्गत रहेको सीजी इलेक्ट्रोनिक्सको इओएल प्रालिले नेपाली बजारमा बिक्री वितरण गर्दै आइरहेको बताइएको छ ।

# कर्मचारीहरूको क्षमता विकास सम्बन्धी तालिम

□ युद्धबहादुर बोहोरा

**पाँचथर, चैत १७।** फाल्गुनन्द गाउँपालिकामा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी चार दिने तालिम सम्पन्न भएको छ ।

कर्मचारीको क्षमता विकास, उत्प्रेरणा साथै पालिका तथा वडा कार्यालयबाट हुने हरेक क्रियाकलाप छिटो, छरितो, सहज र सुशासनसहितको सेवा प्रवाह गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रशिक्षण सञ्चालन गरिएको कार्यक्रमका संयोजक तथा योजना शाखा प्रमुख राजेन्द्र भट्टराईले जानकारी दिए ।

तालिमले प्रशासनिक कार्य सञ्चालन सहज तथा कार्य सम्पादन प्रक्रिया सरल बनाउन मद्दत मिल्ने पालिकाले लक्ष्य राखेको छ । तालिममा गाउँपालिका सबै वडामा कार्यरत् कर्मचारी, कार्यालय सहायक, विषयगत शाखा प्रमुख तथा पालिका कार्यालयमा कार्यरत् कर्मचारी गरी जम्मा ४५ जनाको सहभागिता रहेको थियो ।

चार दिनसम्म सञ्चालन भएको तालिममा बजेट निर्माण प्रक्रिया सम्बन्धमा योजना शाखा प्रमुख भट्टराईले सहजीकरण गरेका थिए भने पालिकाले पारित गरेका ऐन, नियम तथा कार्यविधि कार्यान्वयन र कार्यालय सञ्चालनबारे प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्रोकद्वारा प्रशिक्षण प्रदान गरिएको थियो ।

त्यस्तै, भूमि तथा भू-सेवा सञ्चालनको प्रक्रिया र यस विषय अन्तर्गत आउने हरेक जटिलता सम्बन्धमा जिल्ला मालपोत कार्यालय, पाँचथरका प्रमुख बाबुराम पोखेलले सहजकर्ताको भूमिका निर्वाह गरेका थिए ।

स्थानीय तहका कानूनी प्रावधान र घरेलु हिंसाका बारे अधिवक्ता तीर्थ खतिवडा र नागरिकताको विषयमा पाँचथर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी धनाञ्जय शाहले प्रकाश पारेका थिए भने स्थानीय तहका विद्यमान सवालहरुमा फिदिम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अम्बिकाप्रसाद अधिकारीले सहजीकरण गरेको संयोजक भट्टराईले जानकारी दिए ।

यसैबीच, तालिममा विभिन्न मनोरञ्जनात्मक क्रियाकलाप समेत गरिएको उक्त कार्यक्रममा कर्मचारी समूह विभाजन गरी हाजिरी जवाफ प्रतियोगिता समेत गरिएको थियो ।

गाउँपालिका उपाध्यक्ष देवित्राकुमारी आङदेम्बेको अध्यक्षतामा उद्घाटन गरिएको तालिम अध्यक्ष वीरबहादुर कुरुम्बाङको अध्यक्षतामा समापन गर्दै प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विजेतालाई पुरस्कार वितरण गरिएको थियो ।

उक्त अवसरमा ज्येष्ठ महिला र पुरुष कर्मचारीलाई मायाको चिनो प्रदान गरिएको साथै तालिम अवधिमा उत्कृष्ट प्रस्तुतीकरण गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कार दिइएको थियो ।

यसअघि पालिकाले राजश्व सुधार, सूचना प्रविधि, अनलाइन घटना दर्ता प्रणाली र न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया, सार्वजनिक खरिद व्यवस्थापन लगायतका महत्वपूर्ण विषयहरुमा तालिम सञ्चालन गरिसकेको अधिकृत तुम्रोकले बताए ।

# महागुरु फाल्गुनन्दको मूर्ति प्रतिस्थापना गरिने



**दुर्गापुर, चैत १६।** किरात धर्म तथा साहित्य उत्थान संघ कनकाई नगर समिति र किरात याक्थुङ चुम्लुङ कनकाई नगर समितिको संयुक्त आयोजनामा नेपालको १६औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको मूर्ति प्रतिस्थापना गरिने भएको छ ।

कनकाई नगरपालिका वडा नं. २ अन्तर्गत इलाम-झापा सीमा क्षेत्रमा पर्ने जगन पाण्डे डाँडामा महागुरुको मूर्ति स्थापना गरिने भएको हो । कनकाई नगरपालिका वडा नं. ७ का वडाध्यक्ष लीलाबहादुर कन्दङ्वाको नेतृत्वमा गएको टोलीले जगन पाण्डे डाँडाको स्थलगत अध्ययन गरी एक उपयुक्त स्थानको छनौट गरी सो स्थानमा विधिवत्रुपमा धार्मिक अनुष्ठान सम्पन्न गरिएको थियो ।

उक्त टोलीले कनकाई नगरपालिकाले पर्यटन विकासको लागि जगन पाण्डे डाँडा क्षेत्रमा गरेको लगानी, बाटो निर्माण, निर्माणाधीन स्तम्भ, इलाम झापाको सीमा क्षेत्रमा निर्मित झण्डे डाँडा, शिवालय मन्दिरको समेत अवलोकन गरेको थियो । टोलीमा किरात धर्म तथा साहित्य उत्थान संघका कनकाई नगर समिति अध्यक्ष कन्दङ्वा, सदस्य साजन सुब्बा, सदस्य धनपाल कन्दङ्वा, जिल्ला सल्लाहकार सदस्य दुर्गा नेम्वाङ, किरात याक्थुङ चुम्लुङका राष्ट्रिय चुम्लुङ सदस्य अमृत योङहाङ, किरात याक्थुङ चुम्लुङ जिल्ला सदस्य रुद्रबहादुर तवेबुङको सहभागिता रहेको थियो ।

त्यस्तै पूर्व जिल्ला सदस्य भक्तबहादुर मेयाङ्वो, किरात याक्थुङ चुम्लुङ कनकाई नगर समिति सदस्य बसन्त मेयाङ्वो, किरात याक्थुङ चुम्लुङ कनकाई वडा नं.२ अध्यक्ष हस्त बनेम, ऐनीङ कन्दङ्वा, नामाङ कन्दङ्वा लगायतको सहभागिता रहेको थियो ।


**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सुरक्षागार्ड चाहियो**

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

लेखापाल : १ जना

योग्यता : +२ पास (अनुभवी)

**सेक्टरवान सेक्यूरिटी सर्भिस**

बिर्तामोड, झापा

फोन सम्पर्क : (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

**Kontrakt Courier**
**Trans Air Courier**

A Complite Solution For Courier & Logistics Service Domestic & International Courier Cargo Service.

Branch Office
Bhadrapur Road, Sanima Bank opposite Birtamode, jhapa (ph: 023-536735)

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।


अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

**पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला**

हिन्दी चलचित्र : MUMBAI SAGA

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)




सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



**भावपूर्ण श्रद्धाञ्जली**

हाम्रा अत्यन्त मिलनसार सहपाठी **सञ्जय अधिकारी**को मिति २०७७ चैत्र ५ गते ३९ बर्षको अल्पायुमा भएको दुःखद् निधनले हामी स्तब्ध तथा मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय अधिकारीको आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनहरू बुवा प्रेमप्रसाद अधिकारी, आमा सरस्वती अधिकारी, श्रीम्ती प्रतिष्ठा उप्रेती अधिकारी, भाइहरू राजु, आयुष र योगेश अधिकारी एवम् छोरी प्राची अधिकारी, छोरा युगराज अधिकारीहरूमा ईश्वरले धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरून् भन्ने कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।



स्व. सञ्जय अधिकारी
जन्म :
वि.स. २०३८ कार्तिक २५ गते
स्वर्गारोहण :
वि.स.२०७७ चैत्र ५ गते

**LFES, S.L.C. 2056 Batch**
**एवम् Amity 2058 Batch परिवार**
बिर्तामोड, झापा




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । पारिवारिक असमझदारीले काममा अप्ठ्यारो पर्न सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बेसुरमा काम गर्ने बानीले पनि मेहनत खेर जानेछ । तापनि, बुद्धिको उपयोगले घरायसी काम सम्पादन हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । काम रोकिने समय रहेकाले महत्वाकांक्षी योजनामा अघि नबढ्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** पुरुषार्थी काम गर्दै लोकप्रियता हासिल गर्ने समय छ । अग्रज तथा सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यापारमा थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् र लाभांश प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । सामाजिक दायित्व बढ्नेछ । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अवसर आए पनि हडबडीले काममा बाधा पुऱ्याउन सक्छ । बोलीको गलत अर्थ लाग्नाले विवादमा परिने सम्भावना छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अध्ययनमा त्यति समय दिन नसकिएला । तर, अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही चुनौति देखिए पनि पछि लाभ हुने काम गर्न सकिनेछ । अरूको मुख ताक्ने बानीले भने काममा पछि परिएला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । अवसर प्राप्त भए पनि चुनौतिसँग जुध्नुपर्नेछ । प्रतिक्षित नतिजा उत्साहप्रद नहुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** केही लाभांश गुमाउनुपरे पनि पुरानो समस्या सुल्झाउने समय छ । शुभचिन्तकहरूको साथ जुट्नाले चिताएका काम सम्पादन हुनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आफन्तसँग भेटघाट हुनेछ । कमजोरी सुधार्न केही काम दोहोऱ्याउनुपर्ला । अभिभावकको भनाईलाई मान्दा उपयुक्त होला ।